# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-७, आ.व.२०८१/८२ कार्तिक, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को असोज महिनासम्मको खर्चमा वृद्धि भएको छ। गत आ.व.२०८०/८१ को भन्दा चालु आ.व.को असोजसम्मको पूँजीगत खर्चमा २७.४ प्रतिशतले वृद्धि भएको भने प्रदेश सञ्चित कोषमा प्राप्त हुने राजस्वमा ११.७ प्रतिशतले वृद्धि भएको छ। संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा कमी भएको हुँदा प्रदेशको समग्र आयमा भने गतवर्ष असोजसम्मको तुलनामा केही न्यून रहेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को असोज महिनासम्म जम्मा रु.४ अर्ब ४७ करोड ६७ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.२ अर्ब ५१ करोड ६३ लाख र पूँजीगत खर्च रु.१ अर्ब ९ करोड २२ लाख रहेको छ। चालु खर्चमध्ये संघ अनुदान फिर्ता तर्फ रु.१ अर्ब ३६ करोड रहेको छ।

**तालिका (क) पछिल्लो तीनवर्षको असोज महिनासम्मको खर्च स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक/आ.व. | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| चालु खर्च | २६०८५ | २५६६६ | २५१६३ |
| पूँजीगत खर्च | १८७१५ | ८५७२ | १०९२२ |
| स्थानीय तह अनुदान | ५६१८ | ६५७२ | ८६८२ |
| जम्मा खर्च | ५०४१८ | ४०८१० | ४४७६७ |
| विनियोजनको तुलनामा खर्च % | १२.७% | ११.२% | १२.७% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. चालु आ.व.२०८१/८२ मा कोशी प्रदेशको कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ। गत आ.व.२०८०/८१ मा सुरु बजेट रु.३६ अर्ब २४ करोड ३५ लाख र आ.व.२०७९/८० मा रु.३९ अर्ब ७३ करोड ८३ लाख विनियोजन रहेको थियो।

३.चालु आर्थिक वर्षको पहिलो त्रैमासिकसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी असोज महिनामा रु.२ अर्ब २९ करोड ५९ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च भदौ महिनामा भएको छ।

**तालिका (ख) आ.व.२०८१/८२ असोजसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| शीर्षक/महिना | श्रावण | भदौ | असोज | जम्मा | वार्षिक बजेट | पहिलो त्रैमासिक खर्च % |
|---|---|---|---|---|---|---|
| चालु खर्च | १३९६४ | ४०३४ | ७१६५ | २५१६३ | १४४७२३ | १७.४% |
| पूँजीगत खर्च | १४२ | ३१०० | ७६८० | १०९२२ | १६२०२० | ६.७% |
| स्थानीय तह अनुदान | | ५६८ | ८११४ | ८६८२ | ४५८५० | १८.९% |
| वित्तीय व्यवस्था | | | | ० | २०० | - |
| जम्मा खर्च | १४१०६ | ७७०२ | २२९५९ | ४४७६७ | ३५२७९३ | १२.७% |
| मासिक खर्चभार | ०.३ | ०.२ | ०.५ | १.० | | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## राजस्व तथा अनुदान प्राप्ति

४. वि.सं.२०८१ असोज मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.२ अर्ब २९ करोड ७८ लाख **(वार्षिक लक्ष्यको १३.२%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.३ अर्ब ५१ करोड ४ लाख **(वार्षिक लक्ष्यको २४.१%)** निकासा प्राप्त भएको छ। आ.व.२०८१/८२ को प्रथम त्रैमासिकसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.५ अर्ब ८० करोड ८२ लाख **(वार्षिक लक्ष्यको १८.२%)** प्राप्ति भएको छ।

५. गत आ.व.२०८०/८१ असोजसम्मको तुलनामा चालु आ.व.को असोजसम्म प्रदेशको कुल राजस्व संकलनमा ११.७ प्रतिशतले वृद्धि भएको छ, भने अनुदान प्राप्तिमा **२२ प्रतिशतले** कमी भएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदानको लक्ष्य गत आ.व.को तुलनामा चालु आ.व.मा कमी रहेको हुँदा संघ अनुदान प्राप्तिमा न्यून देखिएको हो। गत आ.व.२०८०/८१ मा संघ सशर्त, समपूरक र विशेष अनुदानको बजेट रु.७ अर्ब ३३ करोड ३२ लाख रहेकोमा चालु आ.व.२०८१/८२ मा तीनवटा अनुदानको लक्ष्य रु.५ अर्ब ५९ करोड ९४ लाख रहेको छ।

**तालिका (ग) कोशी प्रदेशको सञ्चित कोषमा राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण (रु.लाखमा)**

| शीर्षक/महिना | चालु आ.व. २०८१/८२ को | | | | | | गत आ.व.२०८०/८१ असोज सम्मको प्राप्ति | गतको तुलनामा चालु वर्षको वृद्धि |
|---|---|---|---|---|---|---|---|---|
| | श्रावण | भदौ | असोज | असोजसम्मको जम्मा प्राप्ति | वार्षिक लक्ष्य | प्रथम त्रैमासिक प्रगति % | | |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | | ४७ | २४१९ | २४६६ | १४५०० | १७% | ८०४ | २०७% |
| सवारी साधन कर | | ११०७ | १०७१ | २१७८ | १४१०० | १५% | १८३५ | १९% |
| चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | ५३९ | ५१८ | ४३२ | १४८९ | ९५०० | १६% | १५४० | -३% |
| अनुदान/निकासा फिर्ता, बेरुजु | ३२ | ४६ | २३९ | ३१७ | ४९९० | ६% | १८५० | -८३% |
| *स्थानीय तहबाट प्राप्त राजस्व | ७ | १६ | ६४ | ८७ | ३०७० | ३% | १३१ | -३४% |
| विविध शुल्क/अन्य राजस्व | १६५ | १८५ | १६२ | ५१२ | २७४० | १९% | ३७० | ३८% |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९२ | १०२ | ६२ | २५६ | ९०० | २८% | २०२ | २७% |
| आन्तरिक राजस्व जम्मा | ८३५ | २०२१ | ४४४९ | ७३०५ | ४९८०० | १४.७% | ६७३२ | ८.५% |
| संघीय राजस्व बाँडफाँट (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | | ८०९९ | ७५७४ | १५६७३ | १२४००८ | १३% | १३८३७ | १३% |
| जम्मा राजस्व | ८३५ | १०१२० | १२०२३ | २२९७८ | १७३८०८ | १३.२% | २०५६९ | ११.७% |
| समानीकरण अनुदान | ० | २२३५८ | ० | २२३५८ | ८९४३२ | २५% | २१९५९ | २% |
| सशर्त अनुदान | | | ८२९५ | ८२९५ | ४१६४३ | २०% | १८१४५ | -५४% |
| समपूरक अनुदान | | | २१६२ | २१६२ | ६५५० | ३३% | २४०९ | -१०% |
| विशेष अनुदान | | | २२८९ | २२८९ | ७८०१ | २९% | २५०८ | -९% |
| जम्मा अनुदान | ० | २२३५८ | १२७४६ | ३५१०४ | १४५४२६ | २४.१% | ४५०२१ | -२२.०% |
| कुल राजस्व र अनुदान | ८३५ | ३२४७८ | २४७६९ | ५८०८२ | ३१९२३४ | १८.२% | ६५५९० | -११.४% |
| नगद मौज्दात | | | | | ३२५०० | | | |
| वैदेशिक अनुदान सोझै भुक्तानी | | | | | १०५९ | | | |
| कुल आय अनुमान | | | | | ३५२७९३ | | | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

(नोटः स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)